# बढ्दै कोदोको महत्त्व :
# गाउँमा भन्दा बजारमा माग बढ्दो

**डम्मर बुढा मगर / हिटा**

**बागलुङ, १० माघ**



बागलुङमा सबैभन्दा बढी उत्पादन हुने अन्नबालीमा पर्दछ कोदो । पछिल्लो समय कोदोको महत्त्व बढ्दै गएको छ । आयातित चामलले कृषिमा झन्झटिलो बालीका रूपमा रहेको कोदो विस्तारै लोप हुने अवस्थामा पुगे पनि पछिल्लो समय कोदोको परिकारप्रति गाउँमा मात्रै हैन, बजारवासी र पर्यटकको समेत आकर्षण बढेको छ ।

बागलुङका घरबास (होमस्टे) को आकर्षणसमेत कोदोको परिकार बन्न थालेको छ । पछिल्लो समय होटल, रेष्टुराँ र रिसोर्टमा समेत कोदोको ढिँडोको माग बढ्दै गएपछि कोदोको खेतीमा पुनः वृद्धि हुन थालेको छ । बागलुङको काठेखोला गाउँपालिका-३ धम्जा ओखलेस्थित सामुदायिक घरबास बेलढुंगा सामुदायिक घरबासमा कोदोको सेलरोटी घरबासको प्रमुख आकर्षण भएको घरबास सञ्चालक समितिका सचिव गोपाल श्रीसले बताउनुभयो । बेलढुंगा घरबासमात्रै हैन, बागलुङका २८ सामुदायिक घरबासमा समेत कोदोको ढिँडो, रोटी निकै रुचाइएको होमस्टे सञ्चालक बताउँछन् ।

पहाडी जिल्लाका रूपमा रहेको बागलुङमा सिँचाइ सुविधा नभएका अधिकांश स्थानमा कोदो खेती गरिन्छ । तर, विस्तारै कोदोको महत्त्व बढ्दै गएपछि किसानले समेत महत्त्वका साथ खेती गर्दै आएका छन् । बागलुङ नगरपालिकाको सिगाना, काठेखोला गाउँपालिकाको भिमापोखरा, ढोरपाटन, बडिगाड, निसीखोला, तमानखोला, जैमिनी र बरेङलगायत क्षेत्रमा बढीमात्रामा कोदो खेती हुने गरेको छ भने गलकोट, बडीगाड, बलेवा, रेशलगायत क्षेत्रमा धान खेती बढी मात्रामा हुने गर्दछ ।

बागलुङ नगरपालिका-८ सिगानाका तुलसा गौतमले उत्पादन गर्नुभएको कोदो केही घरमै प्रयोग हुन्छ भने केही बजारमा बिक्रीका लागि पठाइने गरेको छ । काठेखोला गाउँपालिका-२ भिमापोखराका किसान जगत् केसी आफूले उत्पादन गरेको कोदो बागलुङ बजारमा बिक्री हुने बताउनुहुन्छ । 'पहिला गरिबले कोदोको परिकार खाने, धनीले चामलको खाना खाने प्रचलन थियो भन्छन् तर अहिले बागलुङ बजारसहित नेपालको महँगा होटल तथा रेष्टुराँमा धनीले अर्गानिक खानाका रूपमा कोदोको परिकार रुचाएको पाइएको छ ।' केसीले भन्नुभयो, 'अहिले चलन उल्टो भएको छ, ठूला होटलमा कोदोको परिकार पाक्छ, गाउँमा बरु कोदो बेचेर चामल खरिद गर्ने प्रचलन अझै छ ।'

जिल्लामा धान बालीलाई प्रमुख खेतीका रूपमा मान्दै आए पनि बागलुङमा भने कोदो खेती प्रमुख अन्नबाली रहेको कृषि ज्ञानकेन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिनुभयो । कार्यालयले रैथाने बाली कोदो संरक्षण र प्रवर्द्धन गर्नसमेत थालेको छ । गत वर्ष मात्रै बागलुङमा रैथाने बाली कोदोको संरक्षण र प्रवर्द्धनका लागि १५ लाख खर्च भइसकेको केन्द्र प्रमुख भट्टराईले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा कोदोको संरक्षणका लागि तीन लाख बजेट रहेको छ ।

यस्तै, ग्रामीण पोषण कार्यक्रमअन्तर्गत मुख्यत: कोदो बालीलाई नै विस्तारै प्रवर्द्धन गर्ने उद्देश्यले स्वास्थ्य कार्यालयसँग मिलेर ३० लाख रुपैयाँको योजना कार्यान्वयन गरिने कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ । 'बागलुङको प्रमुख कोदो बाली संरक्षण गर्दै यसको उत्पादन बढाउँदै लैजाने उद्देश्यले कोदो बाली संरक्षण गर्न थालिएको छ,' भट्टराईले भन्नुभयो, 'कोदो, फापर र सिस्नोमा आइरन, मिनिरल बढी पाइन्छ, पोषणका लागि नभइन हुने तत्त्व यसमा छ, बागलुङमा कोदोको उत्पादन बढाउन सबैको सहयोग आवश्यक छ ।'

बागलुङमा धान खेतीको तेब्बर कोदो खेती हुने गरेको तथ्यांकले देखाउने गरेको छ । बागलुङमा पाँच हजार ८०० हेक्टर जमिनमा धान खेती हुने गरेकोमा १८ हजार हेक्टर जमिनमा कोदो खेती गरिँदै आइएको ज्ञान केन्द्र बागलुङले जनाएको छ । पछिल्लो समय कोदोको माग शहरबजारमा समेत हुँदा कोदो किसानहरू उत्साहित भएका छन् । हाइब्रिड धान, गहुँ, मकै भित्र्याउने किसानले कोदोका भने परम्परागत बिउ लगाउने गरेका छन् । तर, कृषि ज्ञान केन्द्र कार्यालयले कोदोको बढी उब्जनी हुने बिउ वितरण गर्दै आएको छ । अहिले राम्रो कोदो उत्पादन हुने क्षेत्रका किसानलाई ३० हजार रुपैयाँ अनुदानमा कोदोको बिउ, तरकारी र फलफूलका बिउ दिने कृषि ज्ञान केन्द्र बागलुङको योजना छ ।

# हिमपातले उपल्लो डोल्पामा पशु पाल्नै मुस्किल

**हिमालय टाइम्स**


**जाजरकोट, १० माघ**

भारी हिमपातका कारण उपल्लो डोल्पामा पशुपालन व्यवसायमा समस्या भएको छ । लगातारको हिमपातले बाख्रा, चौंरीगाई, भेडा, जुमा, झोपा, घोडा र लुलुगाईलाई आहारा खुवाउनसमेत मुस्किल भएको हो । बाटो हिउँले पुरिएपछि चरिचरन क्षेत्रमा लैजान सकिएको छैन । पाटन क्षेत्र हिउँले ढाक्दा पशुलाई आहारा खुवाउन समस्या भएको शे फोक्सुण्डो गाउँपालिकाका अध्यक्ष टसी तुण्डुप गुरुङले बताउनुभयो । उवा र गहुँको पराल पर्याप्त नहुँदा झन् समस्या परेको छ ।

'स्थानीय आफैंलाई खानका लागि अन्न पर्याप्त नभएको समयमा पशुलाई कसरी दिनु,' अध्यक्ष गुरुङले भन्नुभयो, '१५ हजार रुपैयाँ तिर्दासम्म पनि एक क्विन्टल चामल पाइँदैन, अन्य अन्नको कुरा छोड्नु न ?' उहाँले अहिले हिउँले घाँस ढाकिएकाले पशुको पेट भर्न नसकिएको बताउनुभयो । लगातारको हिमपातका कारण पशु व्यवसाय संकटमा परेको तिन्जेका स्थानीयवासी सोनाम मिङ्गजम गुरुङले बताउनुभयो ।

उहाँले हिउँले घाँस पुरिएपछि मानिसका लागि साँचिएको आहारा पनि कुँडो बनाएर पशुचौपायालाई खुवाउने गरिएको बताउनुभयो । 'मानिसका लागि जम्मा गरिएको अन्न अहिले पशुलाई खुवाइरहेका छौँ,' उहाँले भन्नुभयो, 'केही दिन अझै हिउँ परिरह्यो भने चौपाया भोकभोकै मर्ने अवस्था आउँछ ।'

उपल्लो डोल्पामा अन्न कम उत्पादन हुन्छ । भारी हिमपातका कारण उपल्लो डोल्पामा खाद्यान्न ढुवानी हुन सकेको छैन । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दुई वर्षदेखि उपल्लो डोल्पामा खाद्यान्न ढुवानी गरेको छैन । स्थानीय उत्पादनले समेत नपुग्ने बताउँदै सिमेनका तिन्ले लुन्दुपले राज्यले उपल्लो डोल्पाका सर्वसाधारणलाई नागरिक नै नमानेको गुनासो गर्नुभयो ।



# हुलाकी राजमार्गले स्थानीयमा ल्याएको परिवर्तन

**हिमालय टाइम्स**

**झापा, १० माघ**

झापाको गौरीगञ्ज-१ का ७३ वर्षीय रामप्रसाद प्रसाईं २०३२ सालमा यहाँ आउँदा जग्गा प्रतिबिघा १०/१२ हजार थियो । वरिपरि जंगल थियो । भारतबाट आउने डाकाका कारण बस्नै मुस्किल थियो । जंगलको बीचमा चिठ्ठी बोकेर हुलाकी हिँड्ने सानो बाटो थियो । 'म त सानैमा आसाम गएको थिएँ । फर्केर आउँदा बुबाआमा यो ठाउँमा बस्नुभएछ । मलाई त बस्ने मनै थिएन । तर, बुबाआमाका कारण बाध्य भएर बसेँ,' प्रसाईं भन्नुहुन्छ, 'यहाँ त पहिला त विरक्त लाग्ने ठाउँ थियो । भारतका डाकाले गोठबाटै गोरु चोरेर लैजान्थे ।' आसाममा गाई पालेर ल्याएको पैसाले चार बिघा जमिन किनेँ । उहाँको जमिन हुलाकी हिँड्ने बाटोसँगै जोडिएको थियो ।

पछि हुलाकी हिँड्ने बाटोमा ठूलो सडक बनाउने चर्चा सुरु भयो । हुलाकी राजमार्ग बन्छ भन्ने उहाँलाई पत्यार थिएन । 'हामी आएको केही वर्षबाट नै हुलाकी राजमार्ग बन्छ भन्ने चर्चा सुनेका थियौं । तर, लामो समयसम्म हल्लामात्र भयो कसरी विश्वास गर्ने ?,' उहाँ भन्नुहुन्छ, 'पहिला त कहाँ आएर फसेँजस्तै हुन्थ्यो । हुलाकी राजमार्गभन्दा पहिला जतातते बाटो बन्यो ।' अहिले उहाँको घरैअगाडि हुलाकी राजमार्ग छ । कालोपत्रे सडक छ । गत वर्ष हुलाकी राजमार्गअन्तर्गत गौरीगञ्जको रतुवा नदीदेखि माई नदीसम्म सडक कालोपत्रे भएको छ । 'यो ठाउँमा त पिच सडक देख्ने आश नै थिएन । तर, पोहोर साल घरैअगाडि सडक कालोपत्रे भयो,' उहाँ भन्नुहुन्छ, 'जीवनको उत्तरार्द्धमा भए पनि कालोपत्रे सडक घरैअगाडि आयो । यो खुसी त कसरी व्यक्त गरौं ?'

गाई पालेर दूध बेचेर खाने प्रसाईंको जीवनमा हुलाकी राजमार्गले ठूलो परिवर्तन आएको छ । राजमार्ग सञ्चालनमा आएपछि आफूले उत्पादन गरेको दूधले बजार पाउने आश उहाँको छ । उहाँको चार बिघा जग्गाको मूल्य आकाशिएको छ । हुलाकी राजमार्ग आएसँगै विगतमा मूल्य नै नभएको यो ठाउँको जग्गा किन्न दैनिक मान्छेहरू आउने गरेको उहाँ बताउनुहुन्छ । 'मेरो त सबै जग्गाको मुख हुलाकी राजमार्गमा पर्छ । जग्गा करोडौंको भएको छ । अहिले १५-२० लाख कठ्ठाले माग्न आएका छन्,' उहाँ भन्नुहुन्छ, 'राजमार्ग सञ्चालनमा आएपछि त झन् भाउ कहाँ पुग्छ होला ?'

हुलाकी राजमार्गअन्तर्गत गौरीगञ्ज-२ का होमनाथ निरौलाको नौ कठ्ठा जग्गा छ । विगतमा जग्गा बिक्री गर्छु भन्दा पनि नबिकेको जग्गा किन्न अहिले दैनिक ग्राहक आउँछन् । 'पहिला त आवश्यक परेर बेच्छु भन्दा पनि बिक्री हुँदैन थियो । अहिले दिनैपिच्छे मान्छे आउन थालेपछि अचम्मित छु,' उहाँ भन्नुहुन्छ, 'राजमार्ग सञ्चालनमा आएपछि जीवनस्तर परिवर्तन नै होला भन्ने आश छ ।' राजमार्ग आउँदा स्थानीय पवित्रादेवी दाहाल खुसी हुनुहुन्छ । तर, राजमार्गले जग्गाको मूल्य बढाएरमात्र केही नहुने उहाँ बताउनुहुन्छ । 'जग्गा खासै छैन । जग्गाको भाउ बढेरमात्र के हुन्छ र ? हामी जग्गा खासै नभएका मान्छेले के बेच्नू ?,' उहाँ भन्नुहुन्छ, 'गाउँमा रोजगारी, अस्पताल आए पो हामीले सुख पायौँ भन्न मिल्थ्यो ।'

हुलाकी राजमार्गले स्थानीयमा खुसी त ल्याएको छ । तर, राजमार्गअन्तर्गत पर्ने नदीहरूमा दशकदेखि पुल निर्माण नहुँदा स्थानीय चिन्तित छन् । पुलकै कारण आफ्नो जीवनकालमा राजमार्ग नचल्ने हो कि भन्ने चिन्ता पनि छ । 'सडक त बन्यो । तर, १० वर्षभन्दा धेरै समयदेखि माई, बिरिङलगायतमा पुल बनेको छैन । यसले हामीलाई एकदमै चिन्ता थपेको छ,' रामप्रसाद भन्नुहुन्छ, 'हाम्रो जीवनकालमा यी पुल त चल्लाजस्तो लाग्न छाड्यो । सरकारले पनि पुल निर्माणमा ध्यान दिनुपर्‍यो । नभए त सडकमात्र बनेर के गर्नू ? प्रयोग भएन भने के काम ?'


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले दक्षिण कोरिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न वमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | मालवस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाइ | प्रति इकाइ मूल्य NRS | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | IONIQ 5 EV | Electric | Hyundai | GLS VISON ROOF | 160 KW | South Korea | 1 | 84,96,000/- | 84,96,000/- |
| 2. | IONIQ 5 EV | Electric | Hyundai | GLS SOLAR ROOF | 160 KW | South Korea | 1 | 86,96,000/- | 86,96,000/- |

HYUNDAI | LAXMI

**Laxmi InterContinental Pvt. Ltd.**
(An ISO 9001:2015 Certified Company),
an entity of Laxmi Group Nepal
**Naxal, Kathmandu,**

**Vat No.:** 302958429
**Tel.:** 01-4533674, 4533780



## अन्नपूर्ण डिस्टिलरी प्रा. लि. पूर्व कुशाहा दुहबी नगरपालिका-१२, सुनसरी

ANNAPURNA DISTILLERY SINCE 1999

**यस प्रा.लि. बाट उत्पातिद निम्न ब्राण्डका मदिराहरू मिती २०७८/१०/२१ गते देखी लागु हुने गरी उल्लेखित मुल्यमा नेपाल भरिका लागि बिक्री बितरण गरिने भएकाले सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

Price List are Inclusive Of VAT

| Brand | UP | Size | National Distributors Price | N.D. Commision | Distributors Price | Distributors Commision | Wholesale Price | Wholesale Commision | Retail Price | Retail Commision | Consumer Price (NRP) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | Per . Case | Per. Bot. |
| Verses, Knight Touch | 40 | 750 ml | 7850 | 250 | 8100 | 400 | 8500 | 400 | 8900 | 700 | 9600 | 800 |
| | | 375 ml | 7850 | 250 | 8100 | 400 | 8500 | 400 | 8900 | 700 | 9600 | 400 |
| | | 180 ml | 7850 | 250 | 8100 | 400 | 8500 | 400 | 8900 | 700 | 9600 | 200 |
| AP Black, Big Horse, Koshi Diamond, Koshi Cardamon | 40 | 750 ml | 7800 | 240 | 8040 | 400 | 8440 | 375 | 8815 | 413 | 9228 | 769 |
| | | 375 ml | 7800 | 240 | 8040 | 400 | 8440 | 375 | 8815 | 425 | 9240 | 385 |
| | | 180 ml | 7800 | 240 | 8040 | 400 | 8440 | 375 | 8815 | 401 | 9216 | 192 |
| Miss U Apple | 50 | 180 ml | 5900 | 150 | 6050 | 250 | 6300 | 250 | 6550 | 170 | 6720 | 140 |
| Delta, Green Sea Diamond,Miss U Whisky | 50 | 180 ml | 5750 | 140 | 5890 | 250 | 6140 | 250 | 6390 | 138 | 6528 | 136 |
| Hatric Apple, Whisky | 50 | 180 ml | 5550 | 125 | 5675 | 250 | 5925 | 250 | 6175 | 353 | 6528 | 136 |
| Koshi King (Red/White) | 50 | 180 ml | 5700 | 135 | 5835 | 250 | 6085 | 250 | 6335 | 193 | 6528 | 136 |
| Gang (Red/White), Border (Red/ White) & Annapurna Dudhiya | 50 | 180 ml | 5550 | 125 | 5675 | 200 | 5875 | 150 | 6025 | 359 | 6384 | 133 |
| Sixteen days Premium | 70 | 300 ml | 1650 | 50 | 1700 | 75 | 1775 | 75 | 1850 | 340 | 2190 | 73 |
| Kankai gold Regular | 70 | 300 ml | 915 | 20 | 935 | 45 | 980 | 50 | 1030 | 230 | 1260 | 42 |
| Kankai gold Premium | 70 | 300 ml | 1175 | 25 | 1200 | 40 | 1240 | 50 | 1290 | 60 | 1350 | 45 |
| Divya gold Black | 70 | 300 ml | 890 | 18 | 908 | 50 | 958 | 75 | 1033 | 197 | 1230 | 41 |
| Divya gold Red & white | 70 | 300 ml | 875 | 10 | 885 | 30 | 915 | 30 | 945 | 165 | 1110 | 37 |
| Dibya White Premium Russian flavour | 70 | 300 ml | 1075 | 15 | 1090 | 25 | 1115 | 45 | 1160 | 340 | 1500 | 50 |
| Divya Flavors | 70 | 300 ml | 875 | 10 | 885 | 30 | 915 | 30 | 945 | 165 | 1110 | 37 |
| Dibya Regular | 70 | 300 ml | 835 | 5 | 840 | 10 | 850 | 15 | 865 | 35 | 900 | 30 |

**नोट : उल्लेखित बिक्री मुल्यमा व्यापारिक एवं अन्य छुटहरू आवश्कता अनुसार दिने बेवस्था गरियको छ । ढुवानी भाडा, लिकेज, बिकेज, छुटपुट, स्थानिय कर तथा अन्य खर्च उक्त मुल्यमा समावेश गरिएको सबै अनुमान गर्न नसकिने सम्पूर्ण खर्च हरूको सोधभर्ना दिन र आवश्यक अनुसारको खर्च अभिलेख गर्न सक्ने छन् ।**


## Sanibheri Rural Municipality
## Office of The Rural Municipal Executive
### Simli, Rukum (West)
### Karnali Province, Nepal

**Invitation for Bids - 06/WORKS/NCB/SRM/078/079**

**Date of Publication: 2078/10/11(2022/01/25)**

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the construction of Administrative Building Office at Sanibheri Rural Municipality Simli Rukum (West) under National Competitive Bidding-Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications specified in table below should participate in this bidding:

| IFB No. | Description of works | Specific Nature of Similar Work Experience | Bid Document Fee NRS. |
|---|---|---|---|
| 06/WORKS/ NCB/SRM/ 078/079 | Construction of Administrative Building Office at Sanibheri Rural Municipality Simli Rukum (West) | 1. P.C.C.for R.C.C. (M20) Works-471cu. m<br>2. Brick Works (1:4)-402cu.m<br>3. Reinforcement works-67600 kg<br>4. Form works-3385sq.m<br>5. Interlocking Paving (M50) works:480sq.m. | 5000 |

2. Only eligible bidders with the following key qualifications should participate in this bidding:
Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 6,74,23,058 (including VAT)
Minimum Work experience of similar size and nature (i. e. at least one Government/R.C.C. Building Construction Experience within last 10 years); Value of Service for Single Project: NRs. 7,19,17,928.37 (including VAT)
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Sanibheri Rural Municipality, Simli Rukum (West). Phone No.9857824253 ,E-mail: sanibherimun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidders have only option to submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the office's Rajaswa (Revenue) Account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Sunrise Bank Limited**
**Name of the Office: Sanibheri Rural Municipality**
**Aantarik Rajaswa Account No.: 0770530787703009**
**Office Code No: 806509503**
**Rajaswa (Revenue) Shirshak No: 14229**
5. Pre-bid meeting shall be held at Sanibheri Rural Municipality, Simli Rukum( West) at 1:00 PM on 2078/11/02, (14-Feb 2022)
6. Electronic bids must be submitted to the office of Sanibheri Rural Municipality, Simli Rukum (West) through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 noon on 2078/11/12 (24-Feb, 2022). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2078/11/12 (24-Feb, 2022) 1:00 PM at the office of Sanibheri Rural Municipality on, Simli Rukum (West).
8. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 27, 00,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
**Information to deposit the bid amount in Bank:**
**Name of the Bank: Sunrise Bank limited**
**Name of Office: Sanibheri Rural Municipality, Simli Rukum west**
**Dharauti Account No.: 0770530787703004**
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next Working day shall be considered as the last date. In such a case, the validity period of the bid Security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without Assigning reason whatsoever.

**Chief Administrative Officer**